SitRep

#१७

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# कोरोना भाइरस रोग (COVID-19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

सोमबार । ५ फाल्गुन २०७६ (१७ फेब्रुअरी २०२०)

COVID-19 पहिलो केस पौष १५ गते चीनको हुबेई प्रान्तबाट रिपोर्ट गरिएको थियो । फाल्गुन ४ गते सम्ममा यो रोग ५१८५७ जनामा फैलीसकेको छ भने यस रोगका कारण १६६९ (चीनमा मात्र १६६६) जनाको मृत्यु भैसकेको छ । चीनबाहिर २५ वटा अन्य देशहरूमा देखिएको रिपोर्ट गरिएको छ ।

## 2019-nCoV सम्बन्धी विश्वव्यापी स्थिति:

| | |
|---|---|
| **विश्वभर** | पुष्टी भएका केसहरू: ५१८५७<br>मृत्यु हुनेको संख्या: १६६९ |
| **चीनमा** | पुष्टी भएका केसहरू: ५११७४<br>मृत्यु हुनेको संख्या: १६६६ |
| **चीन बाहिर** | अन्य प्रभावित देशहरु: २५<br>पुष्टी भएका केसहरू : ६८३<br>मृत्यु हुनेको संख्या: ३ |

विश्व स्वास्थ्य संगठनको Situation Report बाट (* ४ फाल्गुन २०७६ सम्ममा)

मिति २०७६ माघ १६ गते, विश्व स्वास्थ्य संगठनले Public Health Emergency of International Concern (PHEIC) घोषणा गरेको छ । यद्यपी अन्तरराष्ट्रिय यात्रा र व्यापारमा कुनैपनि प्रतिबन्ध सिफारिस गरिएको छैन ।

## COVID-19 का सम्बन्धमा नेपालको वर्तमान स्थिति:

| जम्मा परिक्षण | नेगेटिभ | पोजेटिभ |
|---|---|---|
| ३४ | ३३ | १ |

(* ५ फाल्गुन २०७६ सम्ममा, ४:०० बजे) सम्म




## क्वारेन्टाईन केन्द्रः एक झलक

फाल्गुन ४ गते बिहान चीनको हुवेइ बाट ल्याइएका १ सय ७५ जना नेपाली नागरिकलाई भक्तपुरको चाँगुनारायण नगरपालिका-६ खरिपाटी स्थित नेपाल विद्युत् प्राधिकरणको तालीम केन्द्रमा निर्माण गरिएको क्वारेन्टाइन केन्द्रमा राखिएको छ । क्वारेन्टाइन स्थललाई ब्लक ए, बी र सी गरी विभाजन गरिएको छ र पुरूष, महिला र स्वास्थ्यकर्मीको टोलीलाई छुट्टाछुट्टै बस्ने व्यवस्था मिलाइएको छ । क्वारेन्टाइन केन्द्रमा सीसी क्यामरा, टेलिभिजन, स्पिकर, मास्क, औषधीलगायत दैनिक रूपमा आवश्यक सम्पूर्ण सामग्रीको व्यवस्था गरिएको छ । एक कोठामा कम्तीमा एक मिटरको फरकमा दुई देखि तीनवटा बेड रहने गरी कोठाहरूको व्यवस्थापन गरिएको छ । मनोरञ्जनका लागि ब्याडमिन्टन, क्यारेमबोर्ड, लुडो र बच्चाका लागि खेल खेल्ने व्यवस्था छ । कोठाबाट बाहिर क्वारेन्टाइन स्थल भित्रको निश्चित क्षेत्रमा हिँडडुल गर्ने व्यवस्था मिलाइएको छ ।

क्वारेन्टाइनमा व्यक्ति स्वंयले स्वजाँच गर्न मिल्ने थर्मामिटरको माध्यमबाट दिनको दुई पटक तापक्रम जाँचगरी तोकिएको ढाँचामा अभिलेख राख्ने व्यवस्था मिलाईएकोछ । नियमित रुपमा स्वास्थ्य स्थितिको निगरानी राख्ने र शङ्कास्पद लक्षण देखिए शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल वा पाटन अस्पताल वा सशस्त्र प्रहरी अस्पतालमा अविलम्ब स्थानान्तरण गर्ने व्यवस्था मिलाईएकोछ।

प्रत्येक दिन बिहान नास्ता, दिउसो खाना तथा खाजा र साँझ खानाको व्यवस्था गरिएको छ। आफनो कोठाको सरसफाई आँफै गर्ने गरेका छन भने शौचालयको सफाई भने बिशेष सुरक्षा साधन पहिरिएका ब्यक्तिले गर्ने ब्यवस्था मिलाईएको छ । क्वारेन्टाइनमा उनीहरुले प्रयोग गर्ने शौचालयको सेफ्टी ट्याङ्कीदेखि बढी भएको खाना व्यवस्थापन गर्ने छुट्टै ब्यवस्था गरिएको छ।

नेपाली नागरिकहरूलाई कोरोना भाइरसको उदगम स्थल चीनको उहानबाट नेपाल ल्याई क्वारेन्टाइनमा राख्ने नेपाल सरकारको यस प्रयासमा रचनात्मक सहयोग र व्यबस्थापनमा सहयोग गर्नुहुने सम्पूर्ण निकाय एवम् महानुभावहरू प्रति स्वास्थ्य तथा जनसंख्या मन्त्रालय हार्दिक कृतज्ञता व्यक्त गर्दछ ।


क्वारेन्टाइन स्थल


सुष्म निगरानी


नमुना संकलन पश्चात राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको टोली

थप श्रोत सामग्री एवं विवरणका लागि तल बक्सामा क्लिक गर्नुहोस:

| | | |
|---|---|---|
| COVID-19 IEC | Press Release MoHP | Technical Guidance |
| HUB Hospitals | Audio Visual PSAs | Contacts |
| Media Coverage | | |


**HEDMU/HEOC**
**Phone:** 01-4250845,
**Fax:** 01-4250842,
**E-mail:** heocmohp@gmail.com,
**Web:** heoc.mohp.gov.np,
**fb:** fb.com/HEOC

**EDCD**
**Phone:** 01-4255796,
**Fax:** 01-4100266,
**E-mail:** ewarsedcd@gmail.com,
**Web:** edcd.gov.np,
**fb:** fb.com/edcdnepal


"सामाजिक सन्जाल एवम आम सन्चार माध्यमबाट तथ्यपरक र यथार्थ सन्देशहरु प्रसारण गरिदिनुहुन अनुरोध छ ।"